श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ३८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध-विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### राष्ट्रिय खेलकूद परिषद् ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– राष्ट्रिय खेलकूद परिषद् ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राष्ट्रिय खेलकूद परिषद् (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय खेलकूद परिषद् ऐन, २०२१ को दफा २ मा संशोधनः राष्ट्रिय खेलकूद परिषद् ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः–

"(ग१) "खेलकूदसम्बन्धी संस्था" भन्नाले दफा ६ अन्तर्गत परिषद्को लगतमा दर्ताभएको जिल्ला, अञ्चल, क्षेत्रीय वा राष्ट्रियस्तरका खेलकूदसम्बन्धी संस्था सम्झनुपर्छ ।"

६१४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उप–दफा (१) को सट्टा देहायको उप–दफा (१) राखिएको छः–

"(१) परिषद्‌मा देहायबमोजिमका तेन्ह जना सदस्यहरू रहनेछन्ः–

(क) श्री ५ बाट मनोनीत गरिबक्सेका सात जना,

(ख) प्रत्येक अञ्चलमा स्थापित खेलकूद विकास समितिबाट सिफारिशभै आएका व्यक्तिहरूमध्येबाट परिषद्‌ले मनोनीत गरेका दुई जना,

(ग) राष्ट्रियस्तरको खेलकूदसम्बन्धी संस्थाहरूमध्येबाट परिषद्‌का अध्यक्षले मनोनीत गरेका तीन जना,

(घ) त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष (रेक्टर)।"

४. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को खण्ड (च) पछि देहायको खण्ड (च१) र (च२) थपिएका छन्ः–

"(च१) जिल्ला, अञ्चल र क्षेत्रीयस्तरमा खेलकूद विकास समिति गठन गर्ने।

(च२) खेलकूदसम्बन्धी संस्थालाई परिषद्‌ले समय–समयमा आवश्यक निर्देशन दिने।"

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. परिषद् र खेलकूदसम्बन्धी संस्थाको सम्बन्धः (१) परिषद्‌को लगतमा दर्ता गराउन खेलकूदसम्बन्धी संस्थाले देहायबमोजिमका कुराहरू खोली परिषद्‌मा दरखास्त दिनु पर्नेछः–

(क) खेलकूदसम्बन्धी संस्थाको नाम र ठेगाना,

(ख) खेलकूदसम्बन्धी संस्थाद्वारा संचालित खेलकूदको किसिम,

(ग) खेलकूदसम्बन्धी संस्थाको संचालन गर्ने कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना र पेशा।

(२) उप–दफा (१) बमोजिम दरखास्त दिंदा खेलकूदसम्बन्धी संस्थाले आफ्नो कार्य सम्पादनसम्बन्धी नियमावलीको प्रतिलिपि समेत दाखिल गर्नुपर्छ।

(३) उप–दफा (१) बमोजिम दरखास्त पेश भएपछि सो दरखास्त प्राप्त भएको मितिले पैंतीस दिनभित्र परिषद्‌ले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकूदसम्बन्धी संस्थालाई आफ्नो लगतमा दर्ता गर्न सक्नेछ।

(४) उप–दफा (३) बमोजिम लगतमा दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरायमा दर्ता गर्न नसकिने ठहराएको सूचना

[ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिषद्ले त्यस्तो खेलकूदसम्बन्धी संस्थालाई दिनुपर्छ ।

(५) उप–दफा (१) बमोजिमको दरखास्तमा उल्लेख भएको व्यहोरा वा उप–दफा (२) बमोजिम दाखिल भएको नियमावलीको कुनै व्यवस्थामा पछि कुनै हेरफेर भएमा त्यस्तो खेलकूदसम्बन्धी संस्थाले सो हेरफेर गर्नु पर्ने कारणसहितको सूचना पन्ध्रदिनभित्र परिषद्लाई दिनुपर्छ र परिषद्ले त्यस्तो कारण मनासिब ठहराएमा सो हेरफेर भएको कुरा समेत परिषद्ले आफ्नो लगतमा जनाई सोको सूचना सम्बन्धित खेलकूदसम्बन्धी संस्थालाई दिनुपर्छ ।

(६) यस दफाबमोजिम परिषद्को लगतमा दर्ता भएको कुनै खेलकूदसम्बन्धी संस्थाले परिषद्बाट तोकिदिएअनुसार आफ्नो आम्दानी खर्चको हिसाबको स्रेस्ता राख्नुपर्छ र परिषद्ले चाहेमा सो स्रेस्ता जहिलेसुकै पनि निरीक्षण तथा परीक्षण गर्न वा गराउन सक्नेछ ।

(७) उप–दफा (६) बमोजिम निरीक्षण तथा परीक्षण गर्दा वा गराउंदा खेलकूदसम्बन्धी संस्थाको हिसाब–किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा परिषद्ले त्यसरी अनियमित भएको हिसाब–किताब नियमित गराउन निर्देशन दिन सक्नेछ र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल–उपर गर्न गराउन आवश्यक कारवाई गर्नेछ ।

(८) यस दफाबमोजिम परिषद्को लगतमा दर्ता नभएको खेलकूदसम्बन्धी संस्थालाई परिषद्ले मान्यता र आर्थिक तथा अन्य कुनै किसिमको सहायता दिनेछैन ।

(९) यस दफाबमोजिम परिषद्को लगतमा दर्ता भएको कुनै खेलकूदसम्बन्धी संस्थाको दर्ता आवश्यकतानुसार परिषद्ले स्थगित गर्न वा आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(१०) उप–दफा (९) बमोजिम खेलकूदसम्बन्धी संस्थाको दर्ता परिषद्को लगतबाट कट्टा गरिएमा त्यसरी लगतबाट कट्टा गरिएको सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सो खेलकूदसम्बन्धी संस्थाले परिषद्को लगतमा पुनः दर्ता गराउने मनासिब कारणसहित उप–दफा (१)बमोजिम परिषद्मा दरखास्त दिन सक्नेछ ।

(११) उप–दफा (१०) बमोजिम खेलकूदसम्बन्धी संस्थाले दरखास्त दिएमा परिषद्ले त्यस्तो दरखास्त प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो खेलकूदसम्बन्धी संस्थालाई आफ्नो लगतमा दर्ता नगरेमा त्यस्तो खेलकूद-सम्बन्धी संस्था स्वतः विघटन भएको मानिनेछ ।"

८९५

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा १० मा संशोधन: मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ:–

" १०. अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता, सभा वा सम्मेलनमा भाग लिन परिषद्को स्वीकृति लिनु पर्नेः खेलकूदसम्बन्धी संस्थाले परिषद्को स्वीकृति नलिई अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन वा त्यस्तो प्रतियोगिता, सभा वा सम्मेलनमा कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नेपाल अधिराज्यमा हुने खेलकूद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीहरूलाई आमन्त्रण गर्न सक्नेछैन ।"

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

५१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।